# आर्थिक वर्ष २०७५।७६

# को

# बजेट वक्तव्य

## छत्रेश्वरी गाउपालिका,

सल्यान,कर्णाली प्रदेश, नेपाल

२०७५

छत्रेश्वरी गाउसभाको बैठकमा २०७५ साल आसार १७ गते

उपाध्यक्ष श्री सीता के.सी. द्धारा

प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७५।७६ को

# बजेटवक्तव्य

छत्रेश्वरी गाउपालिका,

सल्यान

छत्रेश्वरी गाउँपालिकाको दोस्रो गाउँ सभाका अध्यक्ष ज्यु

यस सम्मानित र गरिमामय सदनमा उपस्थित सदस्यज्युहरु,

संघियता कार्यान्वयनको ऐतिहासिक अभिभारा बोकेको यस स्थानीय सरकारका प्रतिनिधीका रुपमा हामी निर्वाचित भए पश्चात पहिलो बजेट कार्यान्वयनको झण्डै अन्तिम चरणमा रहेका छौं । आज मिति २०७५।०३। १७ गते आगामी आ.व.को वार्षिक बजेट तथा कार्यक्रम यस सदनमा प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु । आज मुलुकलाई यस अवस्थामा ल्याइ पुर्याउन आफ्नो जीवन वलिदान गर्ने सम्पुर्ण महान सहीदहरु, जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा देशमा लोकतान्त्रिक गणतन्त्र तथा संघीयता स्थापना गर्न अहम भुमिका खेल्ने सम्पुर्ण  व्यक्तिहरु लाई स्मरण गर्न चाहन्छु । हाम्रो यस गाउँपालिकामा पहिलो बजेट कार्यान्वयन अवधीमा विभिन्न स्थानका सडक निर्माण तथा स्तरोन्नती, ३ स्थानमा सामुदायिक स्वास्थ्य इकाई सुचारु ,२ स्थानमा बर्थिङ्ग सेन्टर संचालन, सवै मा.वि.हरुमा विद्युतिय हाजिरी सि.सि.क्यामारा सोलार कम्प्युटर जडान, विद्युत लाइन विस्तार तथा अन्य पुर्वाधार विकासका अतिरिक्त विभिन्न उद्यम विकास एवं चेतनामुलक कार्यक्रम हाम्रा महत्वपुर्ण उपलब्धीहरु हुन । गत बर्ष कुल २६ करोड बजेट विनियोजन भएकोमा रु १७ करोड ९ लाख १६ हजार २ सय खर्च भई सकेको छ भने रु ६ करोड ५४ लाख २५ हजार ३ सय ६५ भुक्तानी हुन वाँकी रहेको छ । रु २ करोड खर्च हुन नसकेको वित्तिय समानीकरण तर्फको रकमलाई आगामी वर्षको बजेटमा समावेश गरेको छु । आन्तरिक आम्दानी तर्फ नियमित वडा तथा गाउँपालिकाको आम्दानी र मेशिनरी औजारको आम्दानी गरी जम्मा रु ४० लाख ९८ हजार ७ सय ६८ भएकोमा हाल सम्म रु ३७ लाख ४८ हजार ५ सय खर्च भई सकेको र रु ३ लाख ५० हजार २ सय ६८  बचत रहेको व्यहोरा यस सम्मानीत सदनमा अवगत गराउन चाहन्छु ।

जनताका आधारभुत आवश्यकता परिपुर्ति गर्ने र दैनिक जीवनयापनलाई गुणस्तरिय बनाउने सोचका साथ उपलब्ध स्रोत साधन र क्षमताको उचित परिचालन गरी पुर्वाधार विकास लगायत समग्र क्षेत्रको विकास प्रयासलाई सार्थक बनाउने सर्न्दभमा यस गाउँपालिकाले स्थानीय जनताको प्रत्यक्ष सहभागीतामा छनौट भएका योजना तथा कार्यक्रमहरु सुव्यवस्थित र योजनावद्ध ढंगबाट अगाडी बढाउन यहाँहरु सवैको साथ र सहयोग रहने कुरामा विस्वस्त छु ।

आदरनीय  अध्यक्ष महोदय,

अव म आगामी वर्षको बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति  चाहन्छु ।

- सार्वजनिक सेवा प्रवाहमा नागरिक पँहुच अभिवृद्धि गर्ने ।
- फराकिलो आर्थिक बृद्धि मार्फत दिगो विकास र सुशासनको प्रत्याभुती गर्ने ।
- दिगो, समावेशी, उच्चदरको आर्थिक वृद्धि हासिल गर्ने ।
- सार्वजनिक सेवामा नागरिक पहुच वृद्धिगर्ने ।
- रोजगारी सृजना र आय आर्जनका माध्यामबाट नागरिकको जीवनस्तरमा सुधार ल्याउने ।

आगामी आव को बजेटका प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरेको छु

१) शिक्षा क्षेत्रमा लगानी बृद्धि गरी  मानव विकासमा जोड दिने ।

२) सबै नागरिकमा गुणस्तरिय र निःशुल्क स्वास्थ्य सेवाको पहुच विस्तार गरी स्वस्थ जिवनयापनमा सहयोग गर्ने ।

३) सफा शुद्ध र स्वच्छ खानेपानीमा सबै गाउपालिकाबासीको पहुच वृद्धि गर्ने ।

४) महिला दलित जनजाति अपांग जेष्ठ नागरिक लगायत लक्षित समुदायको क्षमाता विकासमा जोड दिने ।

५) आधुनिक सुचना तथा प्रविधिको माध्याम सेवा प्रवाहलाई प्रभावकारी र गुणस्तरिय बनाई विद्युतिय शासन प्रत्याभुत गर्ने ।

अध्यक्ष महोदय,

१. आगामी आर्थिक बर्षका लागी जम्मा रु ३० करोड ३१ लाख ८५ हजार बजेट विनियोजन गरेको छु । जस मध्ये संघबाट प्राप्त वित्तिय समानीकरण तर्फको रु ८ करोड ३५ लाख, राजश्व बाँडफाँड तर्फको रु ६ करोड ७१ लाख २० हजार, सर्सत अनुदान रु १२ करोड ४७ लाख तथा प्रदेशबाट प्राप्त वित्तिय समानिकरण अनुदान रु ४९ लाख ८३ हजार, राजस्व बाँडफाँडको रु ४ लाख ८० हजार र गाउँपालिकाको अनुमानीत आन्तरिक आम्दानी रु ७६ लाख ५१ हजार गाउँपालिकाको कुल बजेटमा समाबेश गरेको छु ।

२. कुल बजेट मध्य रु ६ करोड ९१ लाख ३४ हजार अर्थात २२.८ प्रतिशत रकम प्रशासनिक खर्च, कार्यालय संचालन तथा कार्यक्रम खर्च लगायत चालु शिर्षक तर्फ र रु १० करोड ९३ लाख ५१ हजार आर्थात ३६.०७ प्रतिशत रकम पुँजीगत विकास बजेट तर्फ विनियोजन गरेको छु ।

१३. विषयगत शाखा अन्तरगत शिक्षा, कृषि, पशु, स्वास्थ्य महिला विकास उर्जाका लागी अर्थ मन्त्रालय द्धारा सर्सत अनुदानका रुपमा उल्लेख भए बमोजिम कर्मचारी तलव भत्ता, कार्यक्रम संचालन खर्च लगाएतका निर्धारित शिर्षकमा कार्यक्रम स्वीकृत गरी खर्च गर्ने गरी रु १२ करोड ४७ लाख अर्थात ४१.३३ प्रतिशत रकम बिनियोजन गरेको छु । जस मध्य कृषि  तथा पशु तर्फ रु १८ लाख ६५ हजार, शिक्षा तथा खेलकुद तर्फ रु १० करोड ३९ लाख ९४ हजार र स्वास्थ्य तर्फ रु १ करोड ४३ लाख ५५ हजार, आर्युवेद तर्फ २४ लाख २९ हजार महिला तथा वालवालिका तर्फ रु ८ लाख ९२ हजार बन तथा वातावरण तर्फ रु ३ लाख, उर्जा तर्फ ८ लाख ६५ हजार रकम विनियोजन गरेको छु ।

३. वालवालिकाको सुन्दर भविष्य निर्माण गरी सिप र क्षमातायुक्त मानव विकास गर्न यो वर्ष देखि नै विद्यालय सुधारलाई अभियानका रुपमा संचालन गर्न विभिन्न विद्यालयको आवश्यकता पहिचान गरी व्यवस्थापन गर्ने गरी बालविकास देखि मा.वि.सम्मका दक्ष शिक्षक पुर्ति गर्न रु ८७ लाख ५० हजार विनियोजन गरेको छु । प्रत्येक वडाका एक एक वटा नमुना विद्यालय पुर्वाधार विकास गर्ने, अन्य विद्यालय पुर्वाधार संरचना निर्माण तथा व्यवस्थापकीय सुधार तथा वडा नं ७ मा माध्यामिक विद्यालय संरचना निर्माणका लागी एकमुष्ट रु २४ लाख ५० हजार विनियोजन गरेको छु । प्रत्येक विद्यालयमा

विद्युतिय हाजिरी कम्प्युटर सोलार लगायत प्रविधिमैत्री सामाग्री व्यवस्था गर्न रु ३५ लाख वजेट व्यवस्था गरेको छु । गाउँपालिकाबाट एस.इ.इ.मा सर्वोत्कृष्ट नतिजा ल्याउने एक छात्र र एक छात्राका लागी रु १ लाखको छात्रवृति दिने कार्यक्रमलाई निरन्तरता दिएको छु ।

४. गुणस्तरिय स्वास्थ्य सेवामा सबै नागरिकको पहुच अभिबृद्धि गर्न छायाक्षेत्र स्वास्थ्य चौकीका लागी एम्बुलेन्स खरिद प्रकृया अगाडी बढिसकेको छ भने दमाचौर र झिम्पे स्वास्थ्य चौकीका लागी एम्बुलेन्सस खरिद गर्न रु २१ लाख विनियोजन गरेको छु । सबै स्वास्थ्य संस्थालाई पर्याप्त स्रोत साधनको व्यवस्था गरी क्षमाता विकास गर्ने मेडिकल उपकरण खरिदका लागी रु १३ लाख १३ हजार रकम विनियोजन गरेको छु । समुदायिक स्वास्थ्य इकाई दहखोला, जामुनेखोला र दोहलीको स्तरबृद्धिका लागी उचित बजेट व्यवस्था गरेको छु । महिला स्वमंसेविकाले स्वास्थ्य क्षेत्रमा गरेको योगदानलाई कदर गरी मासिक रु ७०० प्रत्साहन पुरस्कारको व्यवस्था मिलाएको छु ।

५.स्वस्थ सफा र स्वच्छ खानेपानीको सहज आपुर्ति व्यवस्था मिलाउन वडा न १,२,३,५,६ र ७ का विभिन्न योजनाहरुमा रु १ करोड ५५ लाख ७५ हजार रकम विनियोजन गरेको छु ।

६.वडा समिति मार्फत विभिन्न बस्ती स्तर हुदै छनौट भई आएका योजनाहरुलाई प्राथमिकताका आधारमा उचित स्थान दिइ क्रमश: सम्वोधन हुने गरी रु ३ करोड २८ लाख रकम विनियोजन गरेको छु । वडा तर्फका योजनाहरुमा पनि शिक्षा कृषि पशु स्वास्थ्य सेवा सार्वजनिक निर्माण खानेपानी सडक लाई विशेष प्राथमिकता दिइ उचित वजेट रकमको व्यवस्था गरेको छु । स्थानीय सरकार संग सहकार्य गरी कार्य गर्न साझेदार निकाय द्धारा संचालित कार्यक्रममा उचित रुपमा समपुरक कोषको व्यवस्था गरेको छु ।

७.महिला, दलित, जनजाति मुश्लिम तथा अल्पसंख्यक, जेष्ठ नागरिक र अपांगता भएका व्यत्तिको क्षमाता विकास गरी मुलप्रवाहीकरणका माध्यमबाट समावेशी विकासको लक्ष्य हासिल गर्न रु ३७ करोड ५० लाख विनियोजन गरेको छु ।

८.छत्रेश्वरी उज्यालो कार्यक्रम अन्तरगत वडा ४ र ६ लाई मुख्य प्राथमिकता हुने गरी रु ३९ लाख ३८ हजार बजेट व्यस्था गरेको छु । वडा नं १, ६ र ७ का बजारका लागी सोलार पोल वत्तिमा रु २५ लाख बजेट व्यवस्था गरेको छु ।

९.सफा सुन्दर र स्वस्थ छत्रेश्वरी कार्यक्रम अन्तरगत लान्ती वजार र दमाचौर बजारको ढल निकास ल्याड फिल साइड तथा बजार व्यवस्थापन र फोहर मैला व्यवस्थापनका लागी रु २३ लाख ६३ हजार बजेट व्यवस्था गरेको छु ।

१०.यस गाउँपालिकाको प्रमुख साँस्कृतिक सम्पदाको रुपमा रहेको छत्रेश्वरी मन्दिर परिशरको वृदआश्रम व्यवस्थापनका लागी रु १९ लाख २५ हजार बजेट व्यवस्था गरेको छु ।

११.कृषकहरुको माग र अवश्यकतालाई सम्बोधन हुने गरी उन्नत विउविजन वितरण अनुदान कार्यक्रम आय आर्जनमुलक कार्यक्रम तथा पशुपालन व्यवसाय प्रर्वद्धन कार्यक्रमका लागी पर्याप्त बजेट व्यवस्था मिलाएको छु ।

१२ गाउँपालिकाका गौरवका योजनाका रुपमा रहेका लान्ती दमाचौर सडक, शंखमुल जयचौर सडक र शंखमुल जिताठान पानीखोला सडकलाई यसै वर्ष DPR सम्पन्न गरी स्तरोन्नति तथा कालोपत्रेका लागी प्रदेश सरकार सँग सहकार्य गर्न पर्याप्त वजेट व्यवस्था मिलाएको छु ।

अव म यस आ.व.२०७५।७६ मा यस स्थानीय सरकारको राजश्व संकलन तथा परिचालन सम्बन्धी नीती तथा कार्यक्रम प्रस्तुत गर्न गैरहेको छु ।

आन्तरिक आम्दानी बृदि तथा करका दर र दायरालाई समयनूकूल परिमार्जन तथा परिचालन गर्न नसकेमा नगरपालिका समृद्ध र आत्मानिर्भर बनाउने सपना साकार पार्न सकिदैन । त्यसैले आन्तरिक आम्दानी व्यवस्थीत गर्न करको दर तथा दायरा बढाउदै जानु पर्ने अवस्था छ । त्यसैले यस आ.व.२०७५/७६ का लागी निर्धारण गरिएको कर तथा राजश्वको दरलाई अनूसूचीमा उल्लेख भए बमोजिम लागु हुने गरी व्यवस्था गरेको छु ।

अन्तमा यस आ.व.२०७५/७६ को बजेट तथा कार्यक्रम तर्जूमा गर्दा मलाई राय सल्लाह सहयोग र सुझाव दिने  राजनितिक दलका प्रतिनिधी, बद्धिजिबी, समाजसेवी,संचारकर्मी सरकारी तथा गैर सरकारी निकायहरु, नागरिक समाज, आम नागरिक गाउँ सभाका सदस्य ज्युहरु तथा अहोरात्र खटिएर काम गर्ने राष्ट्र सेवक कर्मचारीहरुको ठुलो योदान रहेको छ । यहाँहरु सवैलाई आभार एवं हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद